सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक १४५ ♦ २०८२ साल माघ १४ बुधवार ♦ 28 Jan 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com


## महोत्तरीको निर्वाचन : अनुभवी विरुद्ध नयाँ र दलगत शक्ति विरुद्ध व्यक्तिगत प्रभावको रोचक परीक्षण

अजयकुमार साह

**माघ १३ गते, बर्दिवास**
















आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनले महोत्तरी जिल्लाको राजनीतिक वातावरण असाध्यै तातिएको छ।

मधेसको राजनीतिमा सधैं अर्थपूर्ण भूमिका खेल्दै आएको यो जिल्ला यसपटक झनै विशेष चासोको विषय बनेको छ। कारण हो(चारवटै निर्वाचन क्षेत्रमा सात जना पूर्वमन्त्रीहरूको प्रत्यक्ष प्रतिस्पर्धा। अनुभव, पहुँच र विगतका र ाजनीतिक उपलब्धि बोकेका यी नेताहरूको उपस्थितिले महोत्तरीको चुनावलाई सामान्य प्रतिस्पर्धाभन्दा माथि उठाएर राष्ट्रिय तहकै चासोको विषय बनाइदिएको छ।

महोत्तरी क्षेत्र नं(१ मा पूर्वस्वास्थ्य तथा जनसङ्ख्या मन्त्री गिरिर ाजमणि पोखरेल प्रमुख प्रतिस्पर्धीका रूपमा देखिनु भएको छ। नेपाली कम्युनिष्ट पार्टी (नेकपा)बाट उम्मेदवारी दिनु भएका पोखरेलले स्वास्थ्य, शिक्षा र पूर्वाधार विकासमा आफूले खेलेको भूमिकालाई मतदातासामु प्रस्तुत गरिरहनु भएको छ। उहाँसँग नेकपा (एमाले)का पूर्वसांसद लक्ष्मी महतो र नेपाली कांग्रेसका मुकेश काफ्ले मैदानमा उत्रिनु भएकाले यो क्षेत्र त्रिकोणात्मक प्रतिस्पर्धाको केन्द्र बनेको छ। यहाँ मतदाताले पार्टीप्रति निष्ठा देखाउने कि उम्मेदवारको व्यक्तिगत क्षमतालाई प्राथमिकता दिने भन्ने प्रश्न उठेको छ।

क्षेत्र नं.२ मा पूर्वश्रम, रोजगार तथा यातायात मन्त्री शरत सिंह भण्डारी जनता समाजवादी पार्टी नेपालबाट उम्मेदवार बन्नु भएको छ। मधेस आन्दोलनका अनुभवी र प्रभावशाली नेता भण्डारीलाई यहाँ बलियो दावेदार मानिए पनि प्रतिस्पर्धा सहज छैन। नेपाली कांग्रेसकी पूर्वसांसद किरण यादव र नेकपा (एमाले)का कासिम नदाफले कडा चुनौती प्रस्तुत गरिरहनु भएको छ। रोजगारी, विकास र मधेसको पहिचानका मुद्दाले यो क्षेत्रको चुनावी बहसलाई तातो बनाएको छ।

महोत्तरी क्षेत्र नं.३ को राजनीतिक कथा अझै रोचक छ। पूर्व कृषि मन्त्री हरिनारायण यादव पार्टीबाट टिकट नपाएपछि स्वतन्त्र उम्मेदवारका रूपमा मैदानमा उत्रिनु भएको छ। उहाँको व्यक्तिगत प्रभाव र पुरानो जनसमर्थन कति निर्णायक हुन्छ भन्ने चासो बढेको छ। अर्कोतर्फ पूर्व गृहराज्यमन्त्री मोहम्मद रिजवान नेपाल सङ्घीय समाजवादी पार्टीबाट उम्मेदवार बन्नु भएको छ। कांग्रेसका बजरङ्ग नेपाली, एमालेका मनोज सिंह, जसपा नेपालकी मिनाक्षी ठाकुर झा, राष्ट्रिय स्वतन्त्र पार्टीका उज्ज्वल झा र स्वतन्त्र उम्मेदवार रामआधार कापर बीच कडा प्रतिस्पर्धा हुने अनुमान छ।

क्षेत्र नं.४ मा त झनै रोचक दृश्य देखिएको छ। तीन जना पूर्वमन्त्री(पूर्व कृषि मन्त्री महेन्द्रकुमार राय (नेपाली कांग्रेस), पूर्वस्वास्थ्य राज्यमन्त्री डा. सुरेन्द्र यादव (जसपा नेपाल) र पूर्व प्रदेश गृहमन्त्री भरतप्रसाद साह (नेकपा)(एकै क्षेत्रबाट भिडि रहेका छन्। यसमा एमालेका उम्मेदवार निलम अधिकारीको उपस्थितिले प्रतिस्पर्धा थप चर्किएको छ।

समग्रमा, महोत्तरीको निर्वाचन यसपटक अनुभवी विरुद्ध नयाँ सोच, दलगत संगठन विरुद्ध व्यक्तिगत प्रभावको स्पष्ट परीक्षण बनेको छ। चारवटै क्षेत्रका मतदाताले विगतको कार्यसम्पादन, विकासप्रतिको प्रतिबद्धता र स्थानीय समस्याप्रतिको संवेदनशीलता लाई आधार मानेर निर्णय गर्ने अपेक्षा गरिएको छ। सात पूर्वमन्त्रीको प्रत्यक्ष प्रतिस्पर्धाले महोत्तरीको चुनावलाई केवल स्थानीय नभई राष्ट्रिय राजनीतिक चासोको केन्द्रमा ल्याएको छ।

## सुनको मूल्य तोलाको सुन ३ लाख ९ हजार ३ सय




खबर दर्पण समाचारदाता

**माघ १३ गते, बर्दिवास**

नेपाली बजारमा मंगलबार सुनको मूल्य सामान्य बढेको छ छ। नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार मंगलवार छापावाल सुनको मूल्य तोलामा ३ लाख ९ हजार ३ सय रुपैयाँ कायम भएको हो।

महासंघका अनुसार मंगलवार १० ग्राम सुनको मूल्य २ लाख ६५ हजार १७५ रुपैयाँ रहेको छ। यसैगरी चाँदीको मूल्य तोलामा ६ हजार ८७० रुपैयाँ र १० ग्राममा ५ हजार ८९० रुपैयाँ निर्धारण गरिएको छ। यसअघि सोमवार सुन तोलामा ३ लाख ९ हजार रुपैयाँ र चाँदी तोलामा ६ हजार ७६५ रुपैयाँमा कारोबार भएको थियो।



# महन्थको 'सेफ जोन'मा बबन्डर, जसपाको आधारभूमिमै फुटको धमिरा

राजकरण महतो

**माघ १३ गते, बर्दिवास**



महोत्तरी क्षेत्र नम्बर-३ लाई सुरक्षित निर्वाचन क्षेत्र ठानेर संरक्षक महन्थ ठाकुरले छोरीलाई उम्मेदवार बनाएपछि जनता समाजवादी पार्टी (जसपा) नेपालको कोर आधारभूमिमै असन्तोष विस्फोट भएको छ। पार्टीका नेता तथा पूर्वमन्त्री हरिनारायण यादवले बागी (स्वतन्त्र) उम्मेदवारी दिएको पुष्टि जसपा नेपालको केन्द्रीय समन्वय समितिका सदस्य चन्देश्वरप्रसाद सिंहले गरेका छन्।

महोत्तरी-३ मा देखिएको विद्रोहले मधेसवादी राजनीति फेरि स्वार्थ, परिवारवाद र गुटबन्दीको चक्रमा फस्दै गएको संकेत गरेको राजनीति विश्लेषक सन्त सत्यनारायण आलोक बताउँछन्। उनी भन्छन्, 'महोत्तरी-३ मा देखिएको टिकट विवाद केवल एउटा निर्वाचन क्षेत्रको समस्या होइन। यो मधेसवादी दलहरूमा दशकौंदेखि दोहोरिँदै आएको टुटफुट, अवसरवाद र नेतृत्व संकटको ताजा प्रतिबिम्ब हो।'

एकातिर कांग्रेसका महामन्त्री गगन थापा र अर्कोतिर राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र शाह (बालेन) मधेस केन्द्रित राजनीति गर्दै प्रधानमन्त्री बन्ने आकांक्षासहित मधेस झरिसकेका छन्। अर्कोतिर, आफ्नै आधारभूमिमा जसपाका शीर्ष नेता उपेन्द्र यादव र महन्थ ठाकुर भने एउटै क्षेत्रको टिकट विवादमा अल्झिनु पार्टीको रणनीतिक कमजोरीका रूपमा देखिएको छ।

एकताले पार्टीलाई बलियो बनाउने अपेक्षा गरिएका बेला जसपा नेपाल महोत्तरी-३ मा आन्तरिक विद्रोह, परिवारवाद र शक्ति संघर्षको भुमरीमा फसेको विश्लेषण भइरहेको छ। यसले मधेसवादी आन्दोलनको राजनीतिक विश्वसनीयतामाथि नै गम्भीर प्रश्न उठाएको छ। विशेषगरी मधेस आन्दोलनको 'इपिसेन्टर' मानिने जलेश्वर (महोत्तरी) जस्तो कोर आधारभूमिमै संरक्षक ठाकुरको परिवारकेन्द्रित निर्णयले पार्टीलाई गहिरो विवादमा धकेलेको छ।

छोरीलाई टिकट दिलाउने निर्णयपछि बागी उम्मेदवारी, गुटबन्दी र संगठनात्मक असन्तुलन बढ्दै जाँदा नव-एकीकृत जसपा नेपाल फेरि विभाजनतर्फ उन्मुख देखिएको छ। एकतापछिकै पहिलो परीक्षामै महोत्तरीमा जसपाको नेतृत्व, नीति र संगठनात्मक क्षमतामाथि प्रश्न उठेको छ। महन्थ ठाकुर-उपेन्द्र यादव एकतापछि स्थायित्वको अपेक्षा गरिएको बेला देखिएको यो टिकट विवादले जसपा नेपालको वैचारिक दिशा, नेतृत्व शैली र भविष्यलाई नै चुनौती दिएको छ।

### अनि जसपामा विभाजनको आरा चल्यो...

जनता समाजवादी पार्टी नेपालका सर्वोच्च नेता महन्थ ठाकुर कमजोर भएका छन्। उनले महोत्तरी क्षेत्र नम्बर ३ मा कांग्रेससहितका अरु दलको काँध चढेर ०७४ र ०७९ को चुनाव जिते। फागुन २१ का लागि निर्धारित चुनावमा उम्मेदवार नबन्ने ठाकुरले उद्घोष गरे। पार्टीभित्र खुशीयाली फैलियो। तर, जब उनले आफ्नी छोरी डा. मिनाक्षी ठाकुरलाई आफ्नो स्थानमा उम्मेदवार बनायो। तब त्यसको विरोध भयो। ठाकुर निर्णयबाट पछि हटेनन् अनि पार्टीका नेता तथा पूर्व मन्त्री हरिनारायण यादवले विद्रोह गरे। मिनाक्षी ठाकुरविबिरुद्ध बागी उम्मेदवारी बने। यस प्रकरणले मधेसवादी दल जसपा कोर आधारभूमिमै दुई चिरामा विभक्त भएको छ। हरिनारायणतिर उपेन्द्रको गुट खुलेका छन् भने, मिनाक्षीतिर केही उपेन्द्रका र धेरै महन्थतिरका नेताहरू लागेका छन्।

### पार्टी एकतामै असर

चुनावको मुखमा पुस २७ गते मात्रै ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) र उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी (जसपा) नेपाल बीच पार्टी एकीकरण भएको थियो। एकतापछि पार्टीको नाम पनि जसपा नेपाल कायम गरिएको थियो। पार्टीको संरक्षकमा ठाकुर र अध्यक्षमा यादवलाई चयन गरिएको थियो।

हालै ठाकुर कांग्रेससहितको बलमा राष्ट्रिय सभा सदस्यको चुनाव जितेका छन्। जसपा नेपालका संरक्षक महन्थ ठाकुरमाथि परिवारवाद हाबी भएको भन्दै आलोचना बढेको छ। अर्कोतिर भरखरै एकता भएको पार्टी फेरि फुट्ने जोखिम बढेको जसपाको एक नेताले बताए।

प्रतिनिधि सभा सदस्यको निर्वाचनमा संरक्षक ठाकुरले छोरी र सम्धीलाई उम्मेदवार बनाएको भन्दै पार्टीभित्रै असन्तोष चर्किएको थियो। पार्टीभित्र विद्रोह चर्किपछि ठाकुरले सम्धी उमाकान्त झालाई धनुषाबाट प्रतिनिधिसभा सदस्यको उम्मेदवारबाट पछि हटाएका थिए। पार्टीका एक नेताले भने, 'ठाकुरको बंशवाद र परिवार मोहले संगठन कमजोर भयो। यसको प्रभाव महोत्तरी ३ मा र म्रिसँग परेको छ।'

महोत्तरी क्षेत्र नम्बर ३ मा २०७४ को निर्वाचन राजपाबाट र २०७९ को प्रतिनिधि सभा चुनाव लोसपाबाट ठाकुरले जितेका थिए। ठाकुरले आफू राष्ट्रिय सभामा जाने निर्णयसँगै छोरीलाई आफ्नो क्षेत्र 'सेफजोन' रहेको भन्दै टिकट दिएका थिए। माघ ५ गते ललितपुरको कुमारीपार्टीस्थित ठाकुर निवासमा जसपाको बैठक बसेको थियो। त्यो बैठकबाट ठाकुरले छोरीलाई टिकट दिने निर्णय पास गराएका थिए। यसले जसपा नेताहरू दुई कित्तामा बाँडिएका छन्। बागी उम्मेदवारी दिएका जसपाका नेता हरिनारायण यादवका चुनावी प्रचारमा जसपाका केन्द्रीय तहका नेता कृष्ण यादव र श्याम यादव खटिएका छन् भने मिनाक्षी ठाकुरको पक्षमा रामकुमार शर्मासहितका जसपा नेताहरू खुलेका छन्। निर्वाचन क्षेत्रमा पर्ने मठिहानी नगरपालिकाका मेयर हरिप्रसाद मण्डल समूह ठाकुर पक्षमा देखिएका छन् भने जलेश्वर नगरपालिका मेयर सुरेश साह सोनार विद्रोही पक्षमा देखिएका छन्। 'नेपाल र भारतमा जेलनेल भोगे। सारा जीवन राजनीनितमै सुम्पिए,' पार्टीका संरक्षक ठाकुरले सञ्चारकर्मीहरूसँग भावुक हुँदै भने, 'यो अवस्थामा सबै रेखदेख छोरीले गरे। बुढेसकालमा छोरीलाई आफ्नो उत्ताधिकारी बनाउन चुनाव लडाए, के गलती गरे?'

### जसपामा पनि चिरा

पार्टी एएकीकरण हुनुअघि महोत्तरी-३ मा लोसपातर्फबाट महन्थ ठाकुरको एकल नाम सिफारिस भएको थियो भने जसपाका तर्फबाट पार्टी महासचिव रामकुमार शर्मा र पूर्व मन्त्री हरिनारायण यादव नाम सिफारिस भएको थियो। तर, पार्टी एकीकरणपछि भने टिकट ठाकुरको हातमा गयो। उसले जनआधार र भुँइतहमा काम गर्ने नेताहरूलाई पाखा लगाएर छोरी मिनाक्षीलाई बोकेको एक केन्द्रीय नेताले जनाए। यादवले पार्टी छोडेर जनमत पार्टीबाट उम्मेदवार बन्न लागेपछि उपेन्द्र पक्षीय नेताहरूले नै उनलाई

*बाँकी पृष्ठ ३ मा*

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

खबर दर्पण
राष्ट्रिय दैनिक


# महन्थको 'सेफ जोन'मा बबन्डर......

बागी उम्मेदवार बनाएको स्रोतले जनायो।

महोत्तरी-३ बाट जसपा नेपालका संरक्षक ठाकुरले सुपुत्री डा. मिनाक्षी ठाकुरलाई पार्टीमा टिकट दिलाएको प्रकरणले मधेसको ३२ वटै निर्वाचन क्षेत्रमा त्यसको तरंग फैलिएको छ। साविकको जसपा नेपाल र लोसपा नेपालका नेता कार्यकर्ताहरू पुरानै संगठनात्मक अवस्थामा फर्किने त होइन? भन्ने चिन्ता बढेको छ। यसले मधेसमै मधेसवादी दल जसपा र तिनका नेता महन्थ ठाकुर र उपेन्द्र यादवलाई कमजोर बानाउने विश्लेषणहरू भइरहेको छ।

## महोत्तरीमा को-को छन् जसपाका उम्मेदवार ?

महोत्तरी क्षेत्र नम्बर-१ मा जसपा नेपाललबाट योगन्द्र नारायण महतो, क्षेत्र नम्बर २ बाट पूर्वमन्त्री एवं पुराना नेता शरत सिंह भण्डारी र क्षेत्र नम्बर-३ बाट मिनाक्षी ठाकुर र क्षेत्र नम्बर ४ बाट पूर्वराज्यमन्त्री डा. सुरेन्द्र यादव उम्मेदवार छन्।

भण्डारीले क्षेत्र नम्बर २ मा ०७४ राजपा र २०७९ मा लोसपाबाट जितेको विजय यात्रा कायम राख्न प्रयासरत छन् भने यादव क्षेत्र नम्बर ४ मा ०७४ मा मधेशी जनअधिकार फोरमबाट लगाएको जितको माला फेरि लगाउन कम्मर कसेर लागेका छन्। २०७९ को चुनाव यादवले कांग्रेसका उम्मेदवार महेन्द्र राय यादवसँग हारेका थिए। महोत्तरी क्षेत्र नम्बर १ का उम्मेदवार महतो यस क्षेत्रमा जसपाको खाता खोल्न तयारी गर्दै छन्। चार वटा निर्वाचन क्षेत्र रहेको महोत्तरीमा २०७९ को चुनावमा मधेसवादी दल लोसपाले २ सिट जितेको थियो। क्षेत्र नम्बर २ मा शरत सिंह भण्डारी र ३ मा महन्थ ठाकुर जितेका थिए।

## जसपाभित्र स्वार्थः फैलियो फुटको 'महामारी'

पार्टी फुटाएको चार वर्षपछि ०८२ पुस २७ गते महन्थ ठाकुर र उपेन्द्र यादव बीचको पार्टी एकता भएको थियो। जनता समाजवादी पार्टी, नेपाल (जसपा) र लोकतान्त्रिक समाजवादी पार्टी नेपाल (लोसपा) बीच पुस १३ गते एकीकरण गर्ने सहमति भएको थियो। ०७७ वैशाख १० गते ठाकुर र यादवसहितका नेताहरूले पार्टी एकता गरेका थिए । तर, त्यो एकता दुई वर्ष पनि टिक्न सकेन। २ भदौ, २०७८ मा उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपालबाट विद्रोह गर्दै महन्थ ठाकुर समूहले लोसपा गठन गरेका थिए। यादवले पार्टी कब्जा गरेर ठाकुरलाई घर न घाटको बनाएको दाबी गर्दै असन्तुष्ट नेताहरूले जसपा नेपालबाट अलगिएर ठाकुरको अध्यक्षतामा नयाँ पार्टी गठन गरेका थिए। हालै एकता भएको पार्टी भित्र फेरि महोत्तरीबाट फुटको महामारी फैलिने क्रमको सुरुवात भएको जसपा नेपालका नेताहरू बताउँछन्।

मधेसी दलहरूको पार्टीलाई तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले फुटाउन लागेको भन्दै २०७७ वैशाख १० गते यादव नेतृत्वको समाजवादी पार्टी नेपाल र ठाकुर नेतृत्वको राष्ट्रिय जनता पार्टी (राजपा)बीच एकता भएको थियो। त्यसपछि टींको नाम जनता समाजवादी पार्टी, नेपाल राखिएको थियो। कार्यकर्ता व्यवस्थापनमा पार्टी अध्यक्ष यादव र अर्का वरिष्ठ नेता ठाकुरबीच विवाद चर्किएको थियो। त्यही विवादले जसपा नेपाल पहिलो पटक फुटेको थियो। ठाकुरले छोडेको तीन वर्ष नबित्दै अशोक राईले पनि त्यही बाटो रोजेका थिए। ठाकुर नेतृत्वमा गठन भएको लोसपाबाट राजेन्द्र महतोले १४ फागुन २०८० विद्रोह गर्दै ०८१ मा राष्ट्रिय मुक्ति पार्टी गठन गरेका थिए।

## हुन सक्छ जसपाको हार!

मधेसवादी दलहरू टुटफुट, अस्थायी गठबन्धन र स्वार्थकेन्द्रित राजनीतिका कारण आफ्नै आधारभूमिमै कमजोर हुँदै गएको नेपाल पत्रकार महासंघ मधेस प्रदेशका महासचिव शैलेन्द्र क्रान्तिको बुझाइ छ। उनका अनुसार, कांग्रेस, एमाले र माओवादीले मधेसलाई अधिकार नदिएको आरोप लगाउँदै ती दलकै नेता-कार्यकर्ताले पार्टी त्यागेर मधेस आन्दोलनको बाटो रोजेका थिए। तर, समयक्रममा उनीहरू पुनः तीही दलहरूसँग गठबन्धन गरेर चुनाव जित्ने र सत्ता तथा मन्त्री पद हासिल गर्ने दौडमा लागे।

क्रान्तिले राजनीतिक अवसर र चुनावी टिकटहरू कार्यकर्ता र संगठनभन्दा परिवार र नातागोतामै सीमित हुँदा मधेसवादी दलहरू जनस्तरमै कमजोर बनेको सुनाए। 'यसको प्रत्यक्ष उदाहरण महोत्तरी क्षेत्र नम्बर-३ हो,' उनले भने, 'यहाँ देखिएको विवाद केवल आन्तरिक समस्या होइन, मधेसवादी राजनीतिमा गहिरिँदै गएको संकटको संकेत हो।'

जसपाका अर्का नेता राम कुमार शर्माले मधेसवादी दल कमजोर भएपनि उनले उठाएको राजनीतिक एजेन्डा झन् झन् बलियो भएर अगाडि आएको सुनाए। उनले भने, 'मधेस बिना देशको नेतृत्व असम्भव रहेको निष्कर्ष निकाल्दै प्रधानमन्त्रीका उम्मेदवार बालेन, गगन थापाले मधेसलाई आधारभूमि बनाएर चुनावी गतिविधि सुरु गरेका छन्।'-अन्नपूर्णपोष्ट

# प्रतिनिधिसभा निर्वाचनमा .............

२८ वर्षीय मनोज कुमार गुप्ता र रौतहट-२ बाट २५ वर्षीय र ामाकान्त प्रसाद पटेललाई उम्मेदवार बनाएको छ ।

जनमत पार्टीले महोत्तरी-१ बाट २७ वर्षीय विरेन्द्र महतो, रौतहट-२ बाट २८ वर्षीय सोनु कुशवाहा र रौतहट-४ बाट २८ वर्षीय र ामकल्याण राउतलाई उम्मेदवार बनाएको छ ।

त्यस्तै, श्रम संस्कृति पार्टीले सिरहा-४ बाट २६ वर्षीय पंकज कुमार ठाकुर र पर्सा-१ बाट २८ वर्षीय वसिम शेषलाई उम्मेदवार बनाएको छ ।

नेकपा एमालेले सर्लाही-४ बाट पूर्व सांसद शिवपुजन यादवका छोरा २७ वर्षीय अमनिश कुमार यादवलाई उम्मेदवार बनाएको छ । उक्त क्षेत्रमा नेपाली कांग्रेसका सभापति गगन थापा, राष्ट्रिय स्वतन्त्र पार्टीका नेता एवं पूर्व सांसद अमरेश सिंहलगायतका प्रभावशाली उम्मेदवारबीच प्रतिस्पर्धा हुने देखिएको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीले सिरहा-१ बाट पूर्व युवा तथा खेलकुद मन्त्रीसमेत भइसकेका २८ वर्षीय बब्लु गुप्तालाई उम्मेदवार बनाएको छ ।

नेकपाले बारा-४ बाट २७ वर्षीय अजय कुशवाहालाई उम्मेदवार बनाएको छ ।

यसैगरी, राष्ट्रिय प्रजातन्त्र पार्टीले सप्तरी-२ बाट २७ वर्षीय अजय कुमार दास र नेपाल मजदुर किसान पार्टीले सोही क्षेत्रबाट निलम कुमारी यादवलाई उम्मेदवार बनाएको छ ।

यसपटकको निर्वाचनमा जेनजी पुस्ताको उल्लेखनीय सहभागिताले मधेश प्रदेशको राजनीतिक नेतृत्वमा पुस्तान्तरण को संकेत दिएको विश्लेषकहरू बताउँछन् । युवाको उपस्थितिले पुराना राजनीतिक अभ्यासमा परिवर्तन ल्याउने विश्वास गरिएको छ ।

# पूर्वमन्त्री यादवको नेतृत्वमा निधिको चुनाव परिचालन अभियान



**खबर दर्पण समाचारदाता**
**माघ १३ गते, बर्दिवास**

नेपाली कांग्रेस धनुषा क्षेत्र नम्बर ३ ले फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि प्रचार प्रसार समिति गठन गरेको छ। प्रदेशसभा सदस्य एवं पूर्वप्रदेशमन्त्री रामसरोज यादवको संयोजकत्वमा प्रचार प्रसार समिति गठन गरिएको हो। कांग्रेसले धनुषा-३ बाट पार्टीका पूर्वउपसभापति विमलेन्द्र निधिलाई उम्मेदवार बनाएको छ।

क्षेत्र नम्बर ३ का सभापति धिरेन्द्रकुमार निधिले सोमबार नगराईनमा बसेको क्षेत्रीय समितिको विस्तारित बैठकले प्रदेशसभा सदस्य यादवको संयोजकत्वमा ५ हजार १८४ सदस्यीय प्रचार प्रसार समिति गठन गरेको जानकारी दिए।

उनका अनुसार बैठकमा सहभागीहरूले संयोजकका लागि प्रस्ताव गरेको यादवको नाम सर्वसम्मतले स्वीकृत भएको थियो। क्षेत्रीय समितिको विस्तारित बैठकमा पार्टीका उम्मेदवार निधिको समेत उपस्थिति रहेको थियो।

यादवले चुनावको नतिजा आफ्नो पक्षमा ल्याउन सबैलाई एकजुट भएर चुनावी अभियानमा जुट्न आपिल गरे। उनले कांग्रेसका सबै कार्यकर्ता एकताका साथ खटिए कसैले पनि पराजित गर्न नसक्ने जिकिर गरे।

प्रचार प्रसार समितका संयोजक चयन भएका नेता यादव धनुषा कांग्रेसका पूर्वसभापतिसमेत हुन्। उनी क्षेत्र नम्बर ३ (१) बाट लगातार दुईपटक प्रदेशसभा सदस्यमा निर्वाचित भएका छन्। २०७४ सालको निर्वाचनमा निर्वाचित भएर प्रदेशसभा पुगेका यादव कांग्रेस प्रदेश संसदीय दलका नेता तथा भौतिक पूर्वाधारमन्त्री बनेका थिए। धनुषा निर्वाचन क्षेत्र नम्बर ३ मा जनकपुरधाम उपमहानगर पालिकाका १७ र ग्रामीण भेगका २१ गरी ३८ वडा समावेश छन्।

तपाईको शहर वर्दिवासमा


सम्पर्क गर्नुहोस् ।
044550565, 9801042026



# प्रतिनिधिसभा निर्वाचनमा मधेशबाट ५८ जेनजी युवा उम्मेदवार




**खबर दर्पण समाचारदाता**

**माघ १३ गते, बर्दिवास**

जेनजी आन्दोलनपछि हुन लागेको प्रतिनिधिसभा सदस्यको निर्वाचनमा मधेश प्रदेशबाट ५८ जना जेनजी पुस्ताका युवा उम्मेदवार बनेका छन् ।

निर्वाचन आयोगको तथ्यांकअनुसार तीमध्ये दुई जना महिला र ५६ जना पुरुष रहेका छन् ।

आयोगका अनुसार जेनजी पुस्ताका उम्मेदवारमध्ये ४१ जना स्वतन्त्रतर्फबाट र १७ जना विभिन्न राजनीतिक दलबाट चुनावी मैदानमा उत्रिएका हुन् । युवाको बढ्दो राजनीतिक सक्रियताले यसपटकको निर्वाचनलाई थप रोचक बनाउने विश्वास गरिएको छ ।

दलगत रूपमा हेर्दा उज्यालो नेपाल पार्टी र जनमत पार्टीले समान तीन-तीन जना जेनजी पुस्ताका युवालाई उम्मेदवार बनाएका छन् । श्रम संस्कृति पार्टीले दुई जना युवा उम्मेदवार उठाएको छ ।

यसैगरी, नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेकपा, आम जनता पार्टी (एकल चुनाव चिन्ह), जन अधिकार पार्टी, जनता लोकतान्त्रिक पार्टी नेपाल, नेपाल मजदुर किसान पार्टी तथा नेपालका लागि नेपाली पार्टीले एक-एक जना जेनजी पुस्ताका युवालाई उम्मेदवार बनाएका छन् ।

उज्यालो नेपाल पार्टीले सिरहा क्षेत्र नम्बर- ३ बाट २६ वर्षीय श्रवण पासवान, महोत्तरी-१ बाट

*बाँकी पृष्ठ ३ मा*

# औरही नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
औरही, महोत्तरी
मधेश प्रदेश, नेपाल

## प्रस्ताव आह्वान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः२०८२।१०।१४)

आ. ब. २०८२ / ०८३ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार "प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत साना व्यवसायिक कृषि उत्पादन केन्द्र तरकारी पकेट निरन्तरता कार्यक्रम" सन्चालन गर्नुपर्ने भएको हुँदा विगत आ. व. मा पकेट कार्यक्रम सञ्चालन भएका वडाहरु क्रमश औ. न.पा. १, औ. न. पा. २ ,औ न. पा. ९ अर्न्तगतका इच्छुक कृषक , कृषि समूह/ सहकारी/जल/ वन उपभोक्ता समिति /कृषि फर्महरुले यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन भित्र आवश्यक कागजात सहित औरही नगरपालिकाको कार्यालय कृषि शाखामा सर्म्पक गरी प्रधानमन्त्रि कृषि आधुनिकीकरण परियोजन, परियोजना कार्यान्वयन कार्यविधी, अनुसूचि १०अनुसार आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु छनौटको लागी समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।थप जनकारीका लागि website:-www.aurahimunmahottari वा सम्बन्धित शाखा मा सम्पर्क राख्न सकिने छ।

**आवश्यक कागजात :**

**कृषकको हकमा**

१. प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यान्वयन म्यानुअलको अनुसूचि १० बमोजिमको रु.१० हुलाक टिक्ट टासेको फार्म नं. २ अनुसारको प्रस्ताव /आवेदन ।

२.आवेदनको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी ।

३.जग्गा धनीको लालपुर्जा (जम्मा क्षेत्रफल ३० विधा अर्थात २० हेक्टर) बराबरको प्रतिलिपी वा लिजमा लिएको जग्गाको हकमा जग्गा धनीको ५ वर्षको मन्जुरी नामा ।

**कृषक समूह/कृषि सहकारी/फर्मको हकमा**

४.माथि उल्लेखित कागजातको साथमा संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपी ।

५.यही आ.ब.को कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपी ।

६.पान नं. को प्रमाण पत्रको प्रतिलिपी ।

प्रमुख प्रशासकीय अधिकृत

**कोरियन ब्युटी प्रोड्क्ट्स प्रयोग गरौं सधै जवान देखियौं ।**

**बर्दिवास क्षेत्रको लागि मार्केटिंग अफिसर सम्पर्क नं. - ९८०४८११३७५**

**साथै होम डेलिभरीको सुविधा छ।**




खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,